लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र


खजुरा,बाँके

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ (३) तथा दफा ५ (४) र नियमावली २०६४ को नियम ३ अनुसार प्रकाशित विवरण

**आ.व २०८०/८१ (२०८० कात्तिक महिना देखि २०८० पौष मसान्त सम्म)**

## १. निकायको प्रकृति र स्वरुप

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन उपयुक्त प्रविधि कृषक समक्ष पुर्याउनको लागि तालिम एक सशक्त माध्यम हो । यही कुरालाई हृदयाङ्गम गरी तत्कालीन श्री ५ को सरकारको मिति २०४४ माघ २४ सालको निर्णयले तत्कालीन कृषि तालिम तथा प्रसार शाखाबाट अलग्याई केन्द्रीय कृषि तालिम केन्द्र र पाँच विकास क्षेत्रका तराई र पहाडमा १/१ गरी जम्मा १० वटा क्षेत्रीय कृषि तालिम केन्द्रहरु स्थापना गरिएका थिए । सोही मध्य क्षेत्रीय कृषि तालिम केन्द्र, खजुरा, बाँके पनि एक हो । आ.व. २०४६/४७ मा क्षेत्रीय कृषि तालिम केन्द्र पहाडी क्षेत्र तराईमा गाभिने क्रममा क्षेत्रीय कृषि तालिम केन्द्र पहाडी क्षेत्र, सुर्खेत पनि क्षेत्रीय कृषि तालिम केन्द्र, खजुरा, बाँकेमा गाभियो । आ.व. २०७५/७६ देखि संघिय संरचना बमोजिम तत्कालिन क्षेत्रीय कृषि तालिम केन्द्र, खजुरा परिमार्जन भै कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश मातहत रही कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको रुपमा कार्यालयले प्रदेश तथा स्थानिय तहका कर्मचारी र अगुवा कृषकहरुका लागी तालिम संचालन तथा कृषि व्यवसाय प्रवर्द्धनका गतिविभि संचालन गर्नु मुख्य उद्देश्य सहित काम गर्दै आएको छ ।




## २. निकायको काम र कर्तव्य

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,

सुजिता शर्मा
कृषि प्रसार अधिकृत
अधिकृतस्तर (सातौं)

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ विज्ञ
निमित्त कार्यालय प्रमुख

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा पूर्वाधार विकासमा सहयोग ।
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रवर्द्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिप विकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

**३. कार्यालयको संगठन संरचना**

**प्रमुख**

रा.प.प्र.(प्रा.)

**कृषि व्यवसाय तालिम शाखा**

बरिष्ठ कृषि प्रसार अधिकृत –१
कृषि प्रसार अधिकृत – १
प्राविधिक सहायक (कृषि प्रसार) - २

**कृषि व्यवसाय प्रर्बद्धन सहयोग शाखा**

बरिष्ठ कृषि अर्थ विज्ञ– १
कृषि प्रसार अधिकृत– १
प्राविधिक सहायक (एग्रि ईको एण्ड मार्केटिङ)–१

**प्रशाशन शाखा**

नायव सुब्बा रा.प.अनं. प्र. – १
लेखापाल रा.प.अनं. प्र. – १
खरिदार रा.प.अनं. द्वी. – १
हलुका सवारि चालक –२
कार्यालय सहयोगी– ३

सुजिता शर्मा
कृषि प्रसार अधिकृत
अधिकृतस्तर (सातौं)

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ बिज्ञ
निमित्त कार्यालय प्रमुख

## ४. कार्यरत कर्मचारीहरुको विवरण

| क.स. | नाम | पद | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | श्री विनोद घिमिरे | बरिष्ठ कृषि अर्थ विज्ञ (अधिकृत स्तर नवौं) | शिवराज न.पा. ५, कपिलवस्तु |
| २ | श्री सन्तोष पाठक | बागवानी विकास अधिकृत (अधिकृतस्तर सातौं) | जानकी गा.पा.४,बाँके |
| ३ | श्री सुजिता शर्मा | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) | शिवराज न.पा. ५, कपिलवस्तु |
| ४ | श्री राहुल पाण्डे | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) | माहाराजगंज न.पा १ कपिलवस्तु |
| ५ | श्री जिवराज अधिकारी | अधिकृतस्तर छैठौं(प्रशासन) | घोराही उपमहानगरपालिका १५ दाङ्ग |
| ६ | श्री जयमल तिरुवा | अधिकृतस्तर छैठौं (लेखा) | मधुवन न.पा. ६, बर्दिया |
| ७ | श्री प्रविण चौधरी | अधिकृतस्तर छैठौं (कृषि प्रसार) | गढवा गा.पा.४, दाङ्ग |
| ८ | श्री राधिका पौडेल | अधिकृतस्तर छैठौं (कृषि प्रसार) | कोहलपुर न.पा. ११,बाँके |
| ९ | श्री कुमार के.सी. | हलुका सवारी चालक | खजुरा गा.पा. ४, बाँके |
| १० | श्री बल बहादुर सुनार | हलुका सवारी चालक | नेपालगंज उ.म.न.पा. १८, बाँके |
| ११ | श्री महाबीर थारु | कार्यालय सहयोगी | जानकी गा.पा. ४, बाँके |
| १२ | श्री डल्लि गिरी | कार्यालय सहयोगी | कोहलपुर न.पा ५,बाँके |

## ५. शाखाहरुको कार्यविवरण

### ५.१ कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि वजार तथा  पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

### ५.२ कृषि व्यवसाय तालिम शाखा

सुजिता शर्मा
कृषि प्रसार अधिकृत
अधिकृतस्तर (सातौं)

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
खजुरा, बाँके

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ विज्ञ
निमित्त कार्यालय प्रमुख

Scanned with CamScanner

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रवर्द्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

**५.३ प्रशासन शाखा**

**५.३.१ लेखा फाँट**

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- नियमित रुपमा लेखा परिक्षण गराउने ।
- बेरुजु हुन् नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राख्ने र नियमित रुपमा बेरुजु फछ्यौंट सम्बन्धी कार्यहरु गर्ने ।

**५.३.२ सामान्य प्रशासन तथा स्टोर फाँट**

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- कार्यलयको सम्पत्ति सुरक्षा गर्न तथा दुरुपयोग हुन् नदिन आवश्यक कार्य गर्ने ।
- बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजना अनुगमन शाखालाई सहयोग गर्ने ।
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन ।
- दर्ता/चलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुर्याउने ।
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- सूचना ५ पेजसम्म निशुल्क, यदि सो भन्दा बढी भएमा प्रति पेज रु ५/- दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने ।
- मागमा आधारीत तालिम निशुल्क प्राप्त हुने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने ।
- कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सहयोग अनुदान निशुल्क प्राप्त हुने, तर लागत सहभागिता बमोजिम लगानी रहने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने ।
- प्राविधिक सर-सल्लाह निशुल्क प्राप्त हुने, सम्भव भए सम्म छिटो प्राप्त हुने ।
- कार्यक्रम हल उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत,दस्तुर प्रति दिन सानो हलको रु १५००/- र ठुलो हलको रु ३०००/- लाग्ने ।
- होस्टेल कोठा उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत दस्तुर रु १५०/-प्रति व्यक्ति प्रति दिन ।

**७. आ.व.२०७९/०८० मा संचालित कार्यक्रम**

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ बिज्ञ
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
बजुरा, बाँके

सुजिता शर्मा
कृषि प्रसार अधिकृत
अधिकृतस्तर (सातौं)

१. लुम्बिनी प्रदेशका १७ जना अधिकृतस्तर कर्मचारीहरुको मौरीपालन संबन्धी ज्ञान सिप तथा दक्षता अभिवृद्धि भएकोमा आगामी बर्ष १५ दिने बिशिष्टिकृत मौरी पालन तालिम उपलब्ध गराई एक व्यक्ति एक बिज्ञता विकास गर्न सकिने।

२. लुम्विनी प्रदेशका १६ जना अधिकृतस्तर कर्मचारीहरुको कोशेवाली खेति प्रविधि विषयक तालिम र १७ जनाको सार्वजनिक खरिद लेखा व्यवस्थापन तथा सुशासन विषयकमा ज्ञान सिप तथा दक्षता अभिवृद्धि गरी सेवा प्रवाहमा सहजिकरण गरिएको।

३. सहायकस्तर पाचौ तहका २० जना प्राविधिक कर्मचारीका लागी सेवाकालिन तालिम संचालन गरिएको।८९ सहायकस्तर प्राविधिकका लागी विभिन्न बिषयमा तालिम दिईएको।

४. मौरी च्याउ तरकारी कागति हाईटेक नर्सरी व्यवस्थापन र यान्त्रीकरण गरी कुल १९७ कृषकहरुलाई तालिम उपलब्ध गराई क्षमता विकास गरिएको।

६. कार्यक्रम अनुगमन मार्फत जिल्ला स्तरका तालिम कार्यक्रम संचालन सम्बन्धमा समसामयिक सुझाव दिईएको, तालिम प्राप्त कृषकका घरखेतमा पुगि थप सुझाव र हौसला समेत दिईएको ।

७. तालिम पाठ्यक्रम निर्माण गोष्ठी संचालन गरी व्यवहारिक तथा समसामायिक विषय वस्तु समेटी पाठ्यक्रम निर्माण गरिएको छ । जसले तालिमलाई अझ धेरै व्यवहारिक तथा लावदायिक बनाउन मद्दत पुर्याएको छ ।

८. कृषक अगुवा, सम्बन्धित निकाय, पत्रकार तथा निजि संघसंस्था को उपस्थितिमा वार्षिक कार्यक्रम सार्वजनिकीकरण गरिएको थियो ।

९. नमुना प्रदर्शन स्थल तयार पारिएको , जसले गर्दा तालिम संचालन गर्दा प्रयोगात्मक शिक्षा दिन र कार्यालयमा आउने व्यक्तिहरुलाई देखेर सिक्ने मौका प्रदान गरेको ।

क. प्रदेश सरकारको अनुदान सहयोगमा निर्मित कृषि वजार संचालकहरु संग अन्तरक्रिया गोष्ठि सम्पन्न ।

ख. कार्यलय परिसरमा खेती तथा बगैचा ब्यवस्थापन कार्य भै रहेको ।

ग. व्यावसायिक कृषि तर्फ लाग्ने चाहने व्यक्तिहरुको सहजताका लागि व्यावसायिक योजना प्रणाली निर्माण गरी प्रयोगमा ल्याईएको ।

घ. कृषि अनुसन्धानका गतिविधिलाई कृषि प्रसारको माध्यमबाट कृषकमाझ पुर्याउने उद्देश्यले कार्यालय परिसरमा बिभिन्न प्रदर्शनी गरिएको ।

- मुंग बालीको जातिय प्रदर्शनी
- रेड लेडि मेवा प्रदर्शनी व्लक
- मौरी प्रदर्शनी व्लक
- गहुँ बालीको जातिय प्रदर्शन
- G-9 जातको केरा प्रदर्शन व्लक स्थापित

१०. जिर्ण अवस्थामा रहेको नर्सरीको सुधार गरी तरकारी बेर्ना उत्पादन सुरु गरिएको।

११. उपभोगहिन करिब ८ कठ्ठा जग्गालाई खेतीयोग्य जग्गाको रुपमा विकास गरिएको।

१२ . तालिम प्रभावकारिता मापनका लागी तालिम प्रभावकारिता विश्लेषण फारमको श्रृजना गरिएको जसबाट तालिमको समग्र पक्षको बारेमा सहभागिबाट प्रतिक्रिया प्राप्त भई आगामि तालिम संचालनलाई प्रभावकारी बनाउन मद्दत पुग्ने ।

**आ.व ०८०।८१ को श्रावण महिना देखि पौष मसान्तसम्म संचालित कार्यक्रम**

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ बिज्ञ
निमित्त कार्यालय प्रमुख

सुजिता शर्मा
कृषि प्रसार अधिकृत
अधिकृतस्तर (सातौं)

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
बन्जुरा, बाँके

Scanned with CamScanner

## १.तालिम कार्यक्रम

### कृषकस्तर तालिम

| क्र.सं. | सम्पन्न तालिमको नाम | जम्मा सहभागी संख्या | लैंगिक सहभागिता | | समावेशिता | | |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | दलित | जनजाति | अन्य |
| १ | व्यवसायिक पुष्प खेति तालिम | २५ | १४ | ११ | १ | २ | २२ |
| २ | व्यवसायिक लसुन/प्याज उत्पादन तालिम | २४ | ७ | १७ | ० | १३ | ११ |
| ३ | आलु बीउ उत्पादन तथा बजारिकरण तालिम | २४ | ३ | २१ | ० | १४ | १० |
| | जम्मा | ७३ | २४ | ४९ | १ | २९ | ४३ |

## २.लुम्बिनी प्रदेश तथा स्थानिय तहमा कार्यरत अधिकृतस्तर तथा सहायकस्तर प्राविधिक तालिम

| क्र.सं. | सम्पन्न तालिमको नाम | पटक | जम्मा सहभागी संख्या | लैंगिक सहभागिता | | समावेशिता | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पूरुष | दलित | जनजाति | अन्य |
| १ | अधिकृतस्तर कर्मचारी क्षमता अभिवृद्धि तालिम | १ | १७ | २ | १५ | १ | ३ | १३ |
| २ | सहायकस्तर खाद्यान्न बीउ उत्पादन तालिम | १ | २२ | ८ | १४ | ० | ३ | १९ |
| जम्मा | | | ३९ | १० | २९ | १ | ६ | ३२ |

## २.अन्य कार्यक्रम

जिर्ण अवस्थामा रहेको सभाहलमा साउन्ड सिस्टम जडान साथै स्तोरउन्नती भएको।

कार्यालय परिसरमा बिभिन्न बालीमा प्रदर्शनी कार्य भै रहेको ।

| क्र.सं. | प्रविधिप्रर्द्धशनको नाम | संचालित भएको स्थान | संचालित क्रियाकलाहरु | नतिजा |
|---|---|---|---|---|
| १ | तोरी बालीको उत्पादन तथा उत्पादकत्वमा विभिन्न मलहरुको प्रभाव अध्ययन | कार्यालय परिसर | रासायनिक मल/गोठेमल/कुखुराको मल प्रयोग | बाली तयार हुन बाकी |
| २ | व्लकमा मसुरो बालीको जातिय उत्पादन परिक्षण | | खजुरा मसुरो १,३ र ४ को उत्पादकत्व अध्ययन | |
| ३ | गहुँबालीको जातिय उत्पादन परिक्षण | | वोर्लग २०२०,बि एल ४३४१,विजय,वाणगंगा | |
| ४ | काउली बालीमा शुक्ष्मतत्व प्रदर्शन | | शुक्ष्मत्वको प्रयोगले उत्पादनमा प्रभाव अध्ययन | |
| ५ | व्रोकाउलीमा रासायनिक र जैविक विषादिको उत्पादन प्रभाव अध्ययन | | रासायनिक र जैविक विषादि प्रयोगको प्रभाव अध्ययन | |
| ६ | बन्दा बालीमा प्रदर्शन कार्यक्रम | | | |
| ७ | गडयौला मल प्रदर्शन व्लक संचलान | | १ ट्रली गडयौला मल उत्पादनका लागी कच्चा प्रदार्थ खरिद | |

सुजिता शर्मा
कृषि प्रसार अधिकृत
अधिकृतस्तर (सातौं)

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
खजुरा, बाँके

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ विज्ञ
निमित्त कार्यालय प्रमुख

Scanned with CamScanner

९. नागरिक वडापत्र




**१०. उजुरी निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र,खजुरा बाँकेका निमित्त कार्यालय प्रमुख श्री विनोद घिमिरे ।

**११ प्रमुख र सुचना अधिकारीको विवरण**

- निमित्त कार्यालय प्रमुख श्री विनोद घिमिरे (अधिकृतस्तर नवौं) (सम्पर्क नं ९८५८०६०४४३)
- सुचना अधिकारी श्री सुजिता शर्मा,कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) (सम्पर्क नं ९८५८०६०४४२)

**१२. एन,नियम,विनियम,निर्देशिकाको सुचि**

- सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५,प्रदेश नं ५
- ओजेटि परिचालन कार्यक्रम संचालन प्रक्रिया,२०७६
- कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम संचालन प्रकृया,२०७६
- किसान कल सेन्टर संचालन विधि,२०७७
- भर्चुअल माध्यम विधिबाट तालिम संचालन विधि,२०७८
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९

**१३.आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण**

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
खजुरा, बाँके

विनोद घिमिरे
वरिष्ठ कृषि अर्थ विज्ञ
निमित्त कार्यालय प्रमुख